# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, फागुन १९ गते,२०८१ साल (संख्याः१६

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

**मुसिकोट नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०८१**

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :–**

लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले गरीब/विपन्न, निरपेक्ष गरिबीको रेखामुनी रहेका, दीर्घ रोगी, हिंसा पीडित, द्वन्द, महामारी र प्रकोपबाट पीडित, सामाजिक सुरक्षा, संरक्षण र हेरचाहको जरुरतमा रहेका व्यक्तिहरु तथा बेचविखनमा परेका महिला, बालबालिका, असहाय/बेसहाराहरु, अति अशक्त अपांगता र पूर्ण अपांगता भएकाहरु, लावारिस अवस्थामा रहेका शवको व्यवस्थापन, बेवास्तामा परेका ज्येष्ठ नागरिकका लागि आर्थिक सहायता दिन जनस्वास्थ्य एवम् नागरिक सुरक्षा तथा मानवीय सेवा उद्धारका कार्यमा साधन-श्रोत प्रयोगका लागि आर्थिक सहायता सम्बन्धी कानून बनाउन र मुसिकोट नगरपालिकाको सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०८० मा भएको आर्थिक सहायता सम्बन्धि व्यवस्थालाई लागु गर्न बाञ्छनिय भएकोले मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :–** (१) यस कार्यविधिको नाम " मुसिकोट नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :–** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) "नगरपालिका" भन्नाले मुसिकोट नगर पालिकालाई सम्झनु पर्छ ।

(ख) "नगरकार्यपालिका" भन्नाले मुसिकोट नगर कार्यपालिकालाई सम्झनु पर्छ

मुसिकोट राजपत्र

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको वा अति गरीब वा विपन्न भनि वडावाट प्रमाणित भएका, मुटु, मृगौला, फोक्सो, मस्तिष्क, स्नायुप्रणाली र कलेजोजस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, यौन/घरेलु हिंसाबाट पीडित एवं बेचविखनमा परेका र बेसहारा बनेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, दूर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेका बालबालिका, यौन शोषण, यौन उत्पिडन/दुर्व्यवहार सहनुपरेका, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको, सुस्त मनस्थिति भएको बालबालिका, वेसहारा वृद्धवृद्धा, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका र असहायहरु बुझ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले मुसिकोट नगरपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ) "प्रमुख " भन्नाले मुसिकोट नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद – २

## आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. **दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :–** (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मुटु, मृगौला, फोक्सो, मस्तिष्क, स्नायुप्रणाली, कलेजो र भित्री अंगहरुसंग सम्बन्धित) तथा क्यान्सर पीडित र अंगभंग हुने गरी दुर्घटना/चोटपटकमा परेका व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पर्दछ ।

मुसिकोट राजपत्र

(२)उपदफा (१) बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा विरामीको अवस्था हेरी रू. ५,००० देखी ५०,०००।– हजारसम्म आर्थिक सहायता दिन सकिनेछ ।

४. **हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः–** (१) यौन हिंसाबाट पीडित एवम् बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न वडाध्यक्षको सिफारीस या प्रहरी चौकी या पुनर्स्थापना केन्द्रको अनुरोधमा रू ५०००।-(पाँच हजार) देखि २५०००(पच्चीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५. **आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :–** (१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण-उत्पीडन, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमाको संरक्षणबाट वञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका,सहाराविहिन अवस्थामा रहेका बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका वा अभिभावक/संरक्षक संक्रमित भएर बेसहारा बनेकोमा तत्काल उद्धार गरी पालनपोषणको लागि रू. ५,०००। देखी १०,०००।– सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षादिक्षाको लागि अत्यावस्यक वार्षिक खर्च उपलब्ध गराउन या सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

६. **बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :–** ७५ वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रू. ३०००।– (तीन हजार) देखि रु.१२,०००(बाह्र हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

७. **अति अशक्त प्रकारको अपांगता, र पूर्ण अपांगता भएका र कडा खालको/दीर्घ मानसिक रोगीलाई सहायता :–** (१) आर्थिक रुपले विपन्न अति अशक्त प्रकारको अपांगता र पूर्ण अपांगताको स्थितिमा रहेका एवम् कडा खालको मनासिक रोग पिडीतहरुलाई स्वास्थ्य उपचार गर्नका लागि एकपटकमा रू ३०००(तीन हजार) देखी १००००(दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त प्रकारको या पूर्ण अपांगताको परिचयपत्र, स्वास्थ्य संस्थामा उपचार गराइरहेको भन्ने प्रमाण खुल्ने कागजात सहित नगरपालिकामा निवेदन पेश गर्न सकिनेछ ।

८. **विपन्न परिवारलाई मृत्यु संस्कार सहायता:**(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भइ सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेबारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न घटनाको प्रमाण खुल्ने कागजात र सम्वन्धित वडा कार्यालयको सिफारीश सहित निवेदन पेश हुन आएमा एकमुष्ट रुपमा रु ४०००(चार हजार) देखी १५०००(पन्ध्र हजार) सम्म आर्थिक सहायता दिन सकिने छ ।

(२) गम्भीर समस्यामा परेका/अति विपन्नको हकमा किरिया खर्च वापत बढीमा रु.२५०००(पच्चीस हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम वडा कार्यालयको सिफारिस पेश गर्न नसक्ने अवस्था भएका वा असन्तुलित,बेवारिसे र आकस्मिक उद्धार/उपचारको निम्ति तत्क्षण नगद सहयोग आवश्यक पर्ने अवस्थाको पिडितको हकमा पिडित र निजको संरक्षक/हेरालु भई साथ लाग्नेका लागि तत्काल यातायात प्रबन्ध गर्न र परिचय या ठेगाना खुल्न नसकेका, पालिकाको क्षेत्रभित्र बेवारिसे अवस्था भई तत्काल उपचार र आश्रयको आवश्यकता रहेका पिडितहरुको लागि पिडितको प्रकृति अनुसार महिला बालबालिका शाखा/सामाजिक सुरक्षा शाखा या स्वास्थ्य शाखाको सिफारिस/टिप्पणीका आधारमा रू ३०००(तीन हजार) देखी १५०००(पन्ध्र हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(५) आर्थिक सहायता अत्यावश्यक पर्ने अवस्थाबाट गुज्रेकाहरुलाई माथी जे जस्तो लेखिएतापनि उल्लेखित सिफारिस प्राप्त गर्न नसकेको कारणले आर्थिक सहायता पाउनबाट वञ्चित हुनु पर्ने छैन ।

**८.क. आकस्मिक उद्धार तथा उपचार सहायताः**(१) प्राकृतिक विपद वा कुनै प्रकारको गम्भिर दुर्घटना भई घाइतेलाई तत्काल एम्बुलेन्स रिजर्व गरि पठाउनु पर्ने,हवाइ उद्धार(Air Lift)गर्नुपर्ने वा सघन उपचार वा शल्यक्रिया गर्नुपर्ने भएमा घटनाको प्रकृति हेरी तत्काल प्रमुखको आदेशमा सो को व्यवस्था मिलाइनेछ ।

(२) उपदफा (१) बमोजिम हुने खर्च कार्यपालिकाले अनुमोदन गर्नेछ ।

**८.ख. अत्यावश्यक सेवामा आर्थिक सहायताः**(१) आकस्मिक दुर्घटना/विपद या अति विपन्नताका कारणले खानेपानी

सुविधा,विद्युत सेवा र सिंचाई सुविधाबाट वञ्चित घर-परिवार/समूह-समुदायलाई उल्लिखित सुविधाहरु जडान

गर्न/सुचारु गर्न तत्कालको आवश्यकताका आधारमा बढिमा रु.२००००(बीस हजार) सम्म वा त्यसका निम्ति खरिद

हुने सामाग्रीको प्राविधिक मुल्यांकनको आधारमा बढिमा रु.२५०००(पच्चीस हजार) नबढ्ने गरि बिल रकमको ५०

प्रतिशत रकम आर्थिक सहायताको रुपमा उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद– ३

## विविध

**९. सहकार्यमा सहयोगः** (१) उल्लिखित आर्थिक सहायता या सामाजिक सुरक्षाको जरुरतमा रहेका लक्षित समूहका व्यक्तिहरुलाई लामो उपचार, पुनर्स्थापना र हेरबिचार आवश्यक हुनेमा यो किसिमको सो सम्बन्धि सेवा गर्न स्थापित/स्वीकृत संस्थासंग सहकार्य गर्दा संस्थालाई/संस्था मार्फत पनि आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) सामाजिक/सामुदायिक हितमा समर्पित भएर सामाजिक विकासमा टेवा पुऱ्याउने संघ-संस्था, लक्षित वर्गको शारिरिक, मानसिक/ बौद्धिक तथा आत्मिक विकासको लागि र हक संरक्षण तथा संवर्द्धनका लागि विविध प्रकारको अभियानमा रहेका व्यक्ति,संघ/संस्थालाई यसै कार्यविधि बमोजिम आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

(३) उल्लिखित सामाजिक गतिविधिमा सक्रिय संघ-संस्थासँग साझेदारीमा कार्यक्रम गर्ने गरी एकमुष्ठ आर्थिक सहायता उपलब्ध गराउन पनि सकिनेछ।

**१०. निवेदनको ढाँचा** :– यस कार्यविधि अनुसार सहायता पाउन अनुसूची– १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

११. **निर्णय गर्ने अधिकार** :– यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि निर्णय गर्ने अधिकार रु. २५००० सम्मको लागि नगर प्रमुख र रु. २५००० भन्दा माथीको लागि नगरकार्यपालिकालाई हुनेछ ।

१२. **आर्थिक सहायता तथा उपचार सहयोग कोष** :– यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्धार तथा पुनर्स्थापना गर्ने प्रयोजनको लागि एक कोषको स्थापना गरिनेछ ।

(२) कोषमा देहायको रकम जम्मा गरिनेछ :–

(क) संघीय सरकार, प्रदेश सरकार, नगर सभाबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार तथा विपद प्रभावितको राहत र पुनर्स्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद — ४

## संशोधन तथा परिमार्जन सम्वन्धमा :

१३. **संशोधन तथा परिमार्जन** : (१) यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद — ५

## खारेजी तथा बचाउ

मुसिकोट राजपत्र

१४. **खारेजी तथा बचाउः** (१)यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यस अघि भएका आर्थिक सहायता सम्बन्धि कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

(३) मुसिकोट नगरपालिकाको आर्थिक सहायता सम्बन्धि कार्यविधि-२०७४ खारेज गरिएको छ ।

मुसिकोट राजपत्र

## अनुसूची– १
### (खण्ड १० सँग सम्बन्धित)
### आर्थिक सहायताको लागि निवेदनको ढाँचा

मिति :–

श्रीमान् नगर प्रमुखज्यू
मुसिकोट नगरपालिका, गुल्मी ।

विषय :– आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म⁄हामी................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । ..........उपचार ७५ वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिक भएको/पोष्टमार्टम गर्नको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु÷गर्दछौं ।

तपसिल
१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. .............
५. .............

मुसिकोट राजपत्र

निवेदक

नाम, थरः

ठेगानाः

दस्तखतः

मुसिकोट राजपत्र

प्रमाणिकरण मिति
२०८१।११।०९

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू २०